नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय
प्रहरी महानिरीक्षकको सचिवालय

फोन: ०१-४४११२१०
१०२,११५,११६
Ext:
फ्याक्स : ०१-४४१५५९३
पो.ब.नं. ४०७
नक्साल, काठमाण्डौ

(०७४/०७५) च.नं.

मिति: २०७५।०१।११ गते।

# प्रेस विज्ञप्ति

## चारित्रिक प्रमाण-पत्र वितरण सेवा स्तरोन्नती (Email) तथा बिस्तार।

प्रहरी प्रधान कार्यालय चालचलन शाखा (बिदेशमा रहेका नेपालीको हकमा) एवम् काठमाण्डौ उपत्यकाका ४ (चार) स्थान महानगरीय प्रहरी कार्यालय रानीपोखरी, म.न.प्र. परिसर ललितपुर, म.न.प्र. परिसर भक्तपुर, म.न.प्र. बृत्त महाराजगंजबाट र उपत्यका भन्दा बाहिर विभिन्न ५ (पाँच) स्थान १ नं. प्रदेश प्रहरी कार्यालय बिराटनगर, ३ नं. प्रदेश प्रहरी कार्यालय हेटौडा, ४ नं. प्रदेश प्रहरी कार्यालय पोखरा, संघीय प्रहरी ईकाई कार्यालय भेरी नेपालगंज र संघीय प्रहरी ईकाई कार्यालय सेती धनगढीबाट प्रहरी चारित्रिक प्रमाण-पत्र संकलन र वितरण गरिदै आएकोमा हाल काठमाण्डौ उपत्यकामा २ (दुई) वटा केन्द्र (महानगरीय प्रहरी बृत्त कालीमाटी र महानगरीय प्रहरी बृत्त गौशाला) थप गरी प्रहरी चारित्रिक प्रमाण पत्रको लागि फाराम संकलन र वितरण गर्ने कार्य सुरु गरि सकिएको।

साथै बिदेशमा रहने नेपालीहरुका लागि आवश्यक पर्ने प्रहरी चारित्रिक प्रमाण-पत्र सहज रुपमा उपलब्ध गराउन प्रहरी प्रधान कार्यालय चालचलन शाखाको ईमेल policereport@nepalpolice.gov.np मार्फत आवश्यक कागजात सहित आवेदन दर्ता गरि सम्बन्धित व्यक्तिको ईमेल मार्फत नै प्रहरी चालचलनको प्रमाण-पत्र बिदेशमा नै उपलब्ध गराउने गरी ईमेल सेवा संचालन गरिएको। यस सेवा सम्बन्धि बिस्तृत जानकारी नेपाल प्रहरीको Website: nepalpolice.gov.np मा Police Clearance Report भित्र राखिएको व्यहोरा जानकारीको लागि सम्प्रेषण गरिएको छ।

प्रहरी नायव महानिरीक्षक
(मनोज नेउपाने)
केन्द्रीय प्रहरी प्रवक्ता